**प्रस्तावना**

महावु गाउँपालिका क्षेत्र भित्र रहेका आ.वि. र मा.वि. का कक्षा -८ मा अध्ययरत विद्यार्थीहरूको गाउँपालिका स्तरीय आधारभूत तह उतीर्ण परीक्षा संचालन, व्यवस्थापन (फाराम छपाई, प्रश्नपत्र संकलन, प्रश्न पत्र निर्माण, परीक्षा संचालन, उ.पु. परीक्षण, उ.पु. सम्परीक्षण, नतिजा विलेश्षण, नतिजा प्रकाशन तथा मार्कसीट र मार्केलेजर निर्माण एंवम वितरण) का लागि कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेखित रकमबाट आवश्यकता अनुसार न्यून खर्चमा कार्य सम्पन्न गर्न र आधारभूत तह उतीर्ण (कक्षा -८) परीक्षालाई गाउँपालिका स्तरबाट मर्यादित एवं व्यवस्थित तरिकाले संचालन गर्नका लागि यो कार्यविधि बनाउन आवश्यक देखिएकाले स्थानिय सरकार संचालन ऐन २०७४ र महावु गा.पा. शिक्षा ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको हो ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः १) यो कार्यविधिको नाम “महावु गाउँपालिका स्तरीय आधारभूत तह उतीर्ण परीक्षा संचालन” कार्यविधि २०७५ रहेको छ ।

२. यो कार्यविधि महावु गाउँपालिकाको कार्यपालिका बैठकले पारित गरेपछि तुरून्त लागु हुनेछ ।

३. यो कार्यविधि आधारभूत तह उत्तीर्ण परीक्षालाई मर्यादिन एंव व्यवस्थित तरिकाले संचालन गर्ने प्रयोजनका लागि हुनेछ ।

२. परिभाषाः विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१) “ऐन भन्नाले” स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार बनेको महावु गाउँपालिका शिक्षा ऐन २०७४ सम्झनु पर्ने छ ।

२) “गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा संचालन कार्यविधि” भन्नाले महावु गाउँपालिका भित्र रहेका आ.वि. र मा.वि. विद्यालयको कक्षा-८ मा अध्ययनरत विद्यार्थीहरूको आधारभूत तह (कक्षा -८) उत्तीर्ण परीक्षा संचालन कार्यविधि भन्ने सम्झनु पर्दछ ।

३) “कार्यक्षेत्र” भन्नाले महावु गाउँपालिका क्षेत्रभित्र रहेका कक्षा-८ पढाइ हुने सवै आ.वि. तथा मा.वि. हरूलाई सम्झनु पर्दछ ।

४) “शिक्षा समिति” भन्नाले शिक्षा ऐन नवौ संशोधन अनुसार गठित महावु गाउँपालिका शिक्षा समिति सम्झनु पर्दछ ।

५) “आधारभूत तह उत्तीर्ण परीक्षा समिति” भन्नाले महावु गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा समिति भन्ने सम्झनु पर्दछ ।

७) “परीक्षा” भन्नाले प्रत्येक वर्ष विद्यालयहरूले लिने वार्षिक  विद्लाय स्तरीय गा.पा. स्तरीय परीक्षालाई सम्झनु पर्दछ ।

## <u>परिच्छेद-२</u>

**आधारभूत तह उत्तीर्ण परीक्षाको उदेश्य**

१. उद्देश्यः महावु गाउँपालिका भित्रका कक्षा -८ पढाइ हुने आ.वि. तथा मा.वि. मा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक गतिविधिको गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा संचालन व्यवस्थापन तथा त्यसको कार्यान्वयन गर्ने  उद्देश्य रहेको छ ।

२. “समिति गठन” भन्नाले विगतका वर्षहरूमा  जिल्ला स्तरीय परीक्षा संचालन समिति सहदा स्रोतकेन्द्र स्तरीय परीक्षा उप समिति गठन गर्ने गरिएको भएता पनि स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार आधारभूत तह उत्तीर्ण परीक्षा संचालन ऐन २०७४ अनुसार आधारभूत तह उत्तीर्ण परीक्षाको सम्पूर्ण जिम्मेवारी

गाउँपालिकामा आएकोले तपशिलमा उल्लेखित गाउँपालिका स्तरीय आधाभूत तह उत्तीर्ण परीक्षा समिति भन्ने सम्झनु पर्दछ ।

<u>**तपशिलः**</u>

१) संयोजकः प्रमुख प्रशासकिय अधिकृत

२) सदस्यः गा.पा. स्तरीय शिक्षा हेर्ने अधिकारी

३) सदस्यः प्र.अ. अथवा नि.मा.वि. तहमा अध्यापन गर्ने एक जना महिला सहित स्थायी शिक्षकहरू मध्येवाट कम्तिमा २ जना सदस्य

४) सदस्य सचिवः सम्बन्धीत क्षेत्रको स्रोत व्यक्ति

**समितिको काम कर्तव्य र अधिकार**

१) बैठक संचालन

२) फाराम छपाई (परीक्षा आवेदन तथा रजिस्टेशन)

३) प्रश्नपत्र बैंक निर्माण (बिषयगत शिक्षकहरू वाट प्रश्न पत्र संकलन) ग्रीड अनुसार

४) ग्रीड अनुसार प्रश्नपत्र निर्माण तथा छपाई

५) प्रश्नपत्र प्याकिङ तथा विद्यालयगत रूपमा वितरण

६) आवश्यकता अनुसार उप समिति गठन

७) परीक्षा संचालन

८) उत्तर पुस्तिका परीक्षण

९) उत्तर पुस्तिका सम्परीक्षण

१०) नतिजा संकलन

११) नतिजा विश्लेषण

१२) नजिता प्रकाशन

१३) मार्कसिट तथा मार्कलेजर तयारी र वितरण

## परिच्छेद-३

३. कोषको स्थापना उद्देश्य तथा प्रयोगः

१. कोषको स्थापनाः गाउँपालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा संचालनका लागि कोषमा देहायका रकम जम्मागरी खर्च गर्न सकिने छ ।

क) गाउँपालिकामा प्राप्त बजेट कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५|२०७६ मा उल्लेखित ब.उ. शि.नं. ३५०८०६ को ९६०००+१९०००+१९०००=१३४०००|०० कक्षा -८ परीक्षा संचालन तथा व्यवस्थापन खर्चको रकम

ख) गा.पा. शिक्षक नियुक्ति अभिलेखिकरणबाट प्राप्त रकम

ग) गाउँपालिकावाट आधारभूत तह उत्तीर्ण परीक्षा संचालनका लागि छुट्याएको रकम

२. कोषको उद्देश्यः (क) गा.पा. स्तरीय आधारभूत तह उत्तीर्ण (कक्षा -८) परीक्षा संचालन व्यवस्थापन तथा कार्यान्वयन हुनेछ ।

३. कोषको प्रयोगः गा.पा. परीक्षा समितिको कोषमा जम्मा भएको रकम तपशिलका शीर्षकमा खर्च गरिनेछ ।

१) बैठक भत्ता

२) फाराम (रजिष्टेशन,समाष्टिगत) छपाई

३) प्रश्नपत्र बैंक निर्माण

४) प्रश्नपत्र निर्माण

५) परीक्षा संचलान

६) उ.पु. परीक्षण

७) उ.पु. सम्परीक्षण

८) नतिजा विलेश्षण

९) मार्कसिट तथा मार्कलेजर निर्माण

१०) प्रश्नपत्र प्याकिङ तथा वितरण

११) कक्षा -८ को परीक्षा स्तरीकरणको लागि शैक्षिक गुणस्तर परीक्षण

**४. कोषको प्रयोग गर्न नपाइनेः देहायका अवस्थामा कोषको प्रयोग गर्न पाईने छैन ।**

१) कुनै पनि व्यक्तिगत कामकाजको लागि

२) समितिको बैठकको निर्णय विना कुनै  पनि रकम खर्च गर्न पाइने छैन ।

## परिच्छेद-४

**विविध**

१) आधारभूत तह उत्तीर्ण परीक्षाको बारेमा गा.पा. स्तरीय प्र.अ. बैठकमा जानकारी गराइने छ ।

२) आधारभूत तह उत्तीर्ण परीक्षाका लागि रजिष्टेशन (आवेदन) फाराम भर्नका लागि विद्‌यार्थी संख्याका आधारमा प्रत्येक विद्‌यालयलाई फाराम वितरण गरिनेछ ।

३) प्रश्नपत्र संगालो (प्रश्नपत्र बैंक) निर्माणका लागि प्रत्येक आ.वि. र मा.वि. वाट कक्षा -८ का बिषयगत प्रश्न माग गरी संकलन गरिनेछ ।

४) प्रश्नपत्र संगालो (प्रश्नपत्र बैंक) ग्रीड को सहायता लिएर प्रश्नपत्र निर्माण समितिले कक्षा -८ को ग्रीडका आधारमा प्रश्नपत्र निर्माण गर्नेछ ।

५) निर्माण भएका प्रश्नपत्रको छपाईका लागि परीक्षा समितिले उप समिति वा शिक्षा समितिका पदाधिकारीलाई जिम्मा दिन सक्नेछ ।

६) प्रश्नपत्र छपाईको जिम्मा  लिएको पदाधिकारीले प्रश्न पत्रको गोपनियता भङ्ग नहुने गरी प्रश्न पत्र छपाई समितिमा पेश गर्नु पर्नेछ ।

७) समितिमा पेश भएका (छापिएका) प्रश्नपत्र प्याकिङ तथा वितरणको व्यवस्था समितिले नै गर्ने छ ।

८) परीक्षा सम्पन्न भएपछि उ.पु. परीक्षण, उ.पु. सम परीक्षण, नजिता संकलन, नजिता विश्लेषण, नजिता प्रकाशन र मार्कसिट एवं मार्कलेजर निर्माण तथा वितरणको व्यवस्था परीक्षा समितिले मिलाउनु पर्ने छ ।

९) माथि उल्लेखित कामकाजको लागि समितिले आवश्यक ठानेमा सहयोग समिति/ उप समिति गठन गर्न सक्ने छ ।

१०) सहयोग/ उप समितिमा परीक्षा समितिले गाउँपालिका स्तरीय विद्यालयका बिषयगत शिक्षकहरूलाई उपयोग गर्न सक्नेछ ।

११) कक्षा -८ को परीक्षा स्तरीकरणको लागि शैक्षिक गुणस्तर परिक्षणमा आवश्यक सहयोग गर्ने छ ।

१२) परीक्षा समितिले माथि उल्लेखित बैठक संचालन, फाराम छपाई, प्रश्न पत्र संकलन, प्रश्नपत्र निर्माण लगायतका काम गरे वापत तोकिएको रकम तत्काल भुक्तानी दिने व्यवस्था मिलाउनु पर्ने छ ।

१३) अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि परीक्षाको संचालन, अनुगमन तथा व्यवस्थापन र कार्यान्वयनका लागि गाउँपालिका स्तरीय परीक्षा समितिको पूर्ण जिम्मेवारी रहनेछ ।